# मधेशी आयोग

ज्वागल, ललितपुर

प.सं.: २०८१/८२

च.नं.

फोन नं. ०१-५२६९१८९
टोल फ्रि नं. १६६००११६१८५

मिति-२०८१।०४।२७

# प्रेस-विज्ञप्ति

बंगलादेशका धार्मिक अल्पसंख्यकमाथिको वहुआयामिक गम्भिर हिंसाको अन्त्य हेतु राज्य धर्मको निर्वहनको लागि आयोगको अपील ।

विभिन्न मितिमा प्राप्त बंगलादेशमा धार्मिक अल्पसंख्यकहरु हिन्दु, बौद्ध लगायत माथि निरन्तर भई रहेको गम्भिर र मानवता विरोधी वहुआयामिक हिंसा सम्बन्धी उजुरीहरुको आधारमा आयोगले नेपाल सरकारलाई राज्यधर्मको निर्वहनका साथै मानवअधिकार र मानवीय मुल्य, मान्यतालाई संरक्षण, सम्वर्द्धन गर्न पत्राचार गरेको छ । ती उजुरीहरुमा धार्मिक अल्पसंख्यकहरु हिन्दु, बौद्ध लगायतका मठ-मन्दिरहरु, घर र प्रतिष्ठानहरु, सर्वसाधारण महिला, बालबालिका तथा नागरिक अगुवाहरुमाथिको मानवतालाई शर्मसार हुने गरिएको आक्रमणले मानवतामा दानवताका सम्पुर्ण स्वरुप उजागर गरेको छ ।

यस्ता निरन्तर जेहादी आक्रमणलाई तुरन्तै रोक्न नेपाल सरकारले विश्व समक्ष अपील गर्नुपर्छ । र, यसका साथै, जवाफदेहिताको सिद्धान्तलाई अवलम्बन गर्न र दण्डहीनतालाई शत-प्रतिशत निस्तेज पार्नुपर्छ । दोषीहरुलाई त्यस मुलुकका कानुन र अन्तर्राष्ट्रिय कानुन अनुसार अधिकतम दण्डको लागि जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

वसुधैवकुटुम्बकम् को विश्वव्यापी भावनालाई अक्षरशः अंगीकार गराउन नेपाल सरकारले अपील गरोस् आयोगले हार्दिक अपील गर्दछ ।

(नरेश राज खरेल)
सचिव